Date :..................
Page:..................

निबन्ध प्रतियोगीता

शीर्षक :

विद्यार्थीहरूमा सामाजीक संञ्जालका सकारात्मक र नकारात्मक प्रभावहरू

नाम : रिमा बस्नेत
ठेगाना : बाँफीकोट ८ रुकुम (पश्चिम)
तह : BBS Second year
क्याम्पस : रुकुमेली क्याम्पस

भुमिका :
सुचना तथा प्रविधिको तिव्र विकास संगै आजिलेको अवस्थामा सामाजीक सञ्जाल समाजको अभिन्न अंग बनेको छ। विशेषगरी विद्यार्थीहरूमा जीवनमा सामाजीक सञ्जालको प्रभाव अत्यन्त गहिरो देखीन्छ। Face'book, Instagram, Tiktok, Youtube, WhatsApp जस्ता सामाजीक सञ्जालले विद्यार्थीहरूका अध्ययन शैली, सोच्ने तरीका, व्यवहार र जीवनशैलीमा प्रत्यक्ष प्रभाव पारेका छन्। सामाजीक सञ्जालले विद्यार्थीलाई अवसर र सुविधा प्रदान गरेतापनी यसको सहि प्रयोग नहुदा गम्भीर समस्या उत्पन्न हुन सक्छ। त्यसैले विद्यार्थीहरूमा सामाजीक सञ्जालका सकारात्मक र नकारात्मक प्रभावहरूका चर्चा गर्नु आवश्यक छ।

"सामाजीक सञ्जालका सकारात्मक प्रभावहरू"
सामाजीक सञ्जालले विद्यार्थीहरूलाई ज्ञान र सुचनाको पहुँचलाई सहज बनाएको छ। अनलाइन कक्षा, शैक्षीक भीडीयो, डिजीटल नोटस, अनुसन्धान सामाग्री ~~का~~ तथा विभीन्न प्रतीयोगीता वा अवसर सम्बन्धी जानकारी सामाजीक सञ्जाल मार्फत छिटो प्राप्त गर्न सकिन्छ। यसले विद्यार्थीहरूलाई आत्मनिर्भर रुपमा अध्ययन गर्न सहज गराउदछ। समाज तथा देश विदेशमा भएका घटनाहरूको अवलोकन गर्नुका साथै आफ्नो साथीभाइ,

P.T.O

तथा दुरदिशंक संग सम्पर्कमा रहन पनि सामाजीक सञ्जालले अत्यन्तै महत्वपुर्ण भुमिका खेलेको छ। सामाजीक सञ्जालले विद्यार्थीहरूमा अवसर र सुविधा प्रदान गरे पनि यसको सही प्रयोग नहुँदा गम्भीर समस्या उत्पन्न हुन सक्छ। त्यसैले विद्यार्थीहरूमा सामाजीक सञ्जालका सकारात्मक संगै नकारात्मक पनि देखा पर्छन्।

सामाजीक सञ्जालका नकारात्मक प्रभाव

सामाजीक सञ्जालका धेरै फाइदा भएतापनि यसको अधीक प्रयोगले विद्यार्थीहरूमा नकारात्मक असर पार्दछ। इन्टरनेटमा बढी समय बिताउँदा पढाइमा मन नलाग्ने, समय व्यवस्थापन गर्न नसकिने र शैक्षीक अवस्था बिग्रने हुन्छ। सामाजीक सञ्जालको दुरुपयोगले मानसीक तनाव, रोग, चिन्ता बढाउँछ। विद्यार्थीहरूको सोच, व्यवहार र नैतिक मुल्यमा नकारात्मक प्रभाव पार्न सक्छ। यसले उनीहरूको भविष्यमा गम्भीर असर पुर्याउन सक्छ।

निष्कर्ष:

अन्ततः सामाजीक सञ्जाल आफैंमा न पुर्ण राम्रो हो न पुर्ण खराब पनि; यसको प्रयोग गर्ने तरिकामा निर्भर गर्दछ। यदी विद्यार्थीहरूले सामाजीक सञ्जाललाई शीक्षा, ज्ञान र रचनात्मक उद्देश्यका लागी प्रयोग गर्ने हो भने यो प्रगतीशील साधन बन्न सक्छ। तर यसको दुरुपयोग भएमा यसले विद्यार्थी जीवन र भविष्य दुवैमा नकारात्मक दिशातर्फ धकेल्न सक्छ। त्यसैले विद्यार्थीहरूले विवेक, अनुशासन र समय व्यवस्थापनका साथ सामाजीक सञ्जालको सदुपयोग गर्नु आजको अत्यन्त आवश्यकता हो।